# REGIONAL NEWS

# ALL INDIA RADIO GANGTOK

# NEPALI NEWS

18:40 HRS 25/07/2025

## Sikkim MP- Minister of State for Defence

सिक्किमका लोकसभा सांसद डा. इन्द्रहाङ सुब्बाले नयाँ दिल्लीमा रक्षा राज्यमन्त्री सञ्जय सेठलाई उहाँको निवासमा भेट गरी उत्तर सिक्किममा वैकल्पिक राजमार्ग निर्माणका लागि हस्तक्षेप गरिदिन अनुरोध गर्दै औपचारिक ज्ञापन पत्र बुझाउनुभएको छ।

बैठकको क्रममा, डा. सुब्बाले प्रस्तावित मार्गको रणनीतिक, विकासात्मक र मानवीय महत्त्वलाई प्रकाश पार्दै चुङथाङ र लाचेन हुँदै गान्तोक र जीमा बीचको हालको सम्पर्क बारम्बार पहिरो, मौसम सम्बन्धित अवरोध र भौगोलिक दुर्गमताको जोखिममा रहेको अवगत गराउनुभयो।

सांसद डा. सुब्बाले हालै उत्तर सिक्किमको सडक पूर्वाधार विषयमा सीमा सडक संगठन BRO का महानिर्देशकसँग विस्तृत छलफल गरेको विषय पनि मन्त्रीलाई जानकारी दिनुभएको थियो। BRO ले प्रस्तावलाई अगाडि बढाउन तत्परता देखाएको जानकारी दिँदै, रक्षा मन्त्रालयबाट समयमै सहयोग र मार्गदर्शन आवश्यक छ भन्नुभयो।

हालको अवस्थामा, उत्तर सिक्किम जाने सडक मार्ग कमजोर रहेको जानकारी दिँदै रक्षाका दृष्टिले पनि यो महत्वपूर्ण भएको उहाँले बताउनुभयो। वैकल्पिक राजमार्गले वर्षभरि पहुँच सुनिश्चित गर्ने, क्षेत्रीय विकासलाई प्रोत्साहित गर्ने जस्ता विषय उहाँले मन्त्रीसमक्ष राख्नुभयो। डा. सुब्बाले रक्षा मन्त्रालयले यस विषयलाई प्राथमिकता दिने आशा व्यक्त गर्नुभएको छ।

RS-Lepcha-Singh

भारत सरकारले सिक्किमलगायत देशका ग्रामीण क्षेत्रहरूमा हस्तशिल्प एवम् हस्तकला क्षेत्रको विकासका लागि राष्ट्रिय हेल्डलुम विकास कार्यक्रम, कच्चा पदार्थ आपूर्ति स्कीम, राष्ट्रिय हेन्डीक्राफ्ट विकास कार्यक्रम अनि व्यापक हस्तकला समूह विकास योजना लागू गरेको केन्द्रिय कपडा मन्त्री गिरीराज सिंहले बताउनु भएको छ। आज राज्यसभामा सिक्किमका सांसद दोर्जीछिरिङ लेप्चाका प्रश्नहरूको लिखित उत्तर दिँदै केन्द्रिय मन्त्रीले भन्नुभयो, यी योजनाहरूमा केन्द्र सरकारले कच्चा पदार्थ, आवश्यक सर सामग्रीको क्रय, पूर्वाधार विकास, उत्पादन भएका हस्तकला अनि हस्तशिल्प सामग्रीहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा मार्केटिङ अनि सुपथ मूल्यमा ऋण उपलब्धताका लागि आर्थिक सहयोग दिँदै आएको छ, भन्नुभयो। उहाँले बितेको पाँच वर्षमा केन्द्र सरकारले हस्तकला र हस्तशिल्पको विकासका लागि यी योजनाहरूमा 2 हजार 425 करोड रुपियाँभन्दा धेरै खर्च गरेको जानकारी पनि दिनुभयो।
श्री सिंहले बितेको पाँच वर्षमा सिक्किमका 81 जना बुनकर र 2 हजार 310 हस्तशिल्पीहरूलाई आर्थिक सहयोग प्रदान गरिएको जानकारी दिनुभएको छ।
केन्द्रिय मन्त्रीले कपडा मन्त्रालयले हस्तकला क्षेत्रको विकासका लागि अनुसूचित जाति, जनजाति, अन्य पछौटे वर्ग र बीपीएल वर्ग, महिला, दिव्याङ्गजनलाई विशेष आर्थिक अनुदान र सत् प्रतिशत छुट दरमा ऋण दिँदै आएको बताउनुभयो।

VP Election-RO

यस वर्षको अन्त्यमा हुने उपराष्ट्रपति चुनाउलाई लिएर भारतको निर्वाचन आयोगले राज्यसभाका महासचिवलाई चुनाउ अधिकारीको रूपमा नियुक्त गरेको छ। विधि तथा न्याय मन्त्रालयसँगको परामर्शमा र राज्यसभाका उपसभापतिको अनुमोदनमा लोकतान्त्रिक प्रक्रियाहरू कायम राख्दै यसपल्ट राज्यसभाबाट  चुनाउ अधिकारी नियुक्ति गरिएको हो। लोकसभा र राज्यसभाका सहासचिवलाई आलो-पालो गर्दै निर्वाचन अधिकारी बनाइने प्रकिया रहेको छ। यस अघिको चुनाउमा लोकसभाका महासचिवले यो पद सम्हालेका थिए।

Kailas Mansarovar Yatra

सिक्किम मार्ग भएर कैलाश मानसरोवर यात्रामा जाने चौथो समुहले पवित्र कैलाश मानसरोवरको दर्शन गरेर गान्तोक फर्किएको छ। यो समुह गत 14 जुलाईको दिन यात्रामा नथुलाबाट निस्किएको थियो। अर्कोतिर, भोलि सातौं समुहले नथुलाबाट यात्राको थालनी गर्ने छ भने आठौं समुह भोलि नयाँ दिल्लीबाट गान्तोक आइपुग्नेछ।

## Pakyong Police

पाकिमकी पुलिस अधिक्षक एसपी पारु रुचालको नेतृत्वमा आज जिल्लाका पुलिस अधिकारीहरूको टीमले पाकिम बजारको निरीक्षण गर्‍यो र प्रत्येक व्यावसायिक प्रतिष्ठानको सरसफाइको जाँच गर्‍यो। जाँचको क्रममा एसपीले व्यवसायी र घरधनीहरूलाई व्यापारिक प्रतिष्ठानको सफाईमा ध्यान दिन र पसलको पछाडिको भागको सरसफाइ गर्न निर्देश दिनुभयो।
जाँचको क्रममा नो पार्किङ क्षेत्रमा पार्किङ गरिएका धेरै सवारी साधन र मोटरसाइकलहरूको अनलाइन चलान गरिएको थियो।

## Independence Day-Mangan

आगामी स्वतन्त्रता दिवसको तयारीलाई लिएर जिल्लापाल अनन्त जैनको अध्यक्षतामा जिल्ला प्रशासनिक केन्द्र मङ्गनमा आज एउटा समन्वय बैठक सम्पन्न भयो।
बैठकमा स्वतन्त्रता दिवसको मुख्य उत्सव मङ्गन सार्वजनिक मैदानमा आयोजना गरिने तय भएको छ। समारोहलाई सफल बनाउन विभिन्न विभागहरूमा विशेष जिम्मेवारीहरू दिइएको छ।

## SUBROTO Cup

खेलकुद तथा युवा मामिला विभागद्वारा आयोजित सुब्रोतो कप अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता 2025 को 64 औं संस्करणको एक अंशका रूपमा अन्डर 17 राज्यस्तरीय अन्तर-विद्यालय महिला फुटबल प्रतियोगितामा पीएमश्री सरकारी वरिष्ठ माध्यमिक विद्यालय सोरेङ विजय भएको छ। हिजो नाम्चीको भाइचुङ भोटिया स्टेडियममा सम्पन्न फाइनल खेलमा सोरेङ स्कूलले पीएमश्री देउराली कन्या वरिष्ठ माध्यमिक विद्यालयलाई पाँच गोलले पराजित गरेर ट्रफी उठाएको थियो।

## NAMCHI DISTRICT SUPER LEAGUE

नाम्ची जिल्ला फुटबल संघद्वारा आयोजित चौथो नाम्ची जिल्ला सुपर लिग 2025 हिजोदेखि नाम्चीको भाइचुङ स्टेडियममा शुरु भएको छ। उद्घाटन म्याचमा रेड पाण्डा एफसीले सिनोल्चु एफसीलाई 2-1 ले पराजित गरेको थियो।